# [*]ज्येष्ठ नागरिकको हक हितको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**: ज्येष्ठ नागरिकको हक हितको संरक्षण र सामाजिक सुरक्षा गर्न, निजहरू प्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्न एवं निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको .....वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०......" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, –

(क) "ज्येष्ठ नागरिक " भन्नाले पैंसठ्ठी वर्ष उमेर पूरा गरेको महिला वा पुरुष सम्झनु पर्छ ।

(ख) "असहाय ज्येष्ठ नागरिक" भन्नाले देहायको अवस्थाको ज्येष्ठ नागरिक सम्झनु पर्छ :–

(१) पालन पोषण तथा हेरचाह गर्ने कोही नभएको,

(२) पालन पोषण तथा हेरचाह गर्ने कोही भएतापनि निजबाट पालन पोषण नभई अपहेलित जीवन यापन गर्नु परेको,

(३) जीवन यापन गर्न पुग्ने आयश्रोत वा सम्पत्ति नभएको ।

(ग) "अशक्त ज्येष्ठ नागरिक" भन्नाले शारीरिक वा मानसिक रूपले अशक्त ज्येष्ठ नागरिक सम्झनु पर्छ ।

(घ) "ज्येष्ठ नागरिक कल्याण समिति " भन्नाले ज्येष्ठ नागरिकको सेवा वा कल्याणका लागि दफा १३ र १५ बमोजिम गठन भएको केन्द्रीय तथा जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति सम्झनु पर्छ ।

---

[*] आयोगले आर्थिक वर्ष २०६२।०६३ मा सरकारमा पेश गरेको मसौदा ।

नेपाल कानून आयोग

(ङ) "हेरचाह केन्द्र" भन्नाले ज्येष्ठ नागरिकको बसोबास, पालन पोषण तथा हेरचाहको लागि दफा १९ बमोजिम स्थापना र संचालन भएको ज्येष्ठ नागरिक हेरचाह केन्द्र सम्झनु पर्छ ।

(च) "पालन पोषण तथा हेरचाह" भन्नाले ज्येष्ठ नागरिकलाई सम्बन्धित व्यक्तिले आफ्नो इज्जत आमद अनुसार खाने, लाउने, बस्ने, घुमफिर गर्ने, मनोरञ्जन गर्ने र धार्मिक कार्य गर्ने तथा स्वास्थ्य सेवाको लागि आवश्यक व्यवस्था मिलाउने जस्ता कार्य सम्झनु पर्छ ।

(छ) "परिवारको नजिकको सदस्य" भन्नाले अनुसूची बमोजिमको ज्येष्ठ नागरिकको परिवारको नजिकको सदस्य सम्झनु पर्छ ।

(ज) "हकवाला" भन्नाले मुलुकी ऐन अपुतालीको महल बमोजिम ज्येष्ठ नागरिकको मृत्युपछि निजको अपुताली खान पाउने हकवाला सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. **पालन पोषण तथा हेरचाह सम्बन्धी व्यवस्थाः** (१) आफ्नो बाबु, आमा वा सौतेनी आमा, बाजे, बज्यै वा सौतेनी बज्यै लगायत परिवारको ज्येष्ठ नागरिक सदस्यको पालन पोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

(२) ज्येष्ठ नागरिकको चल अचल सम्पत्ति प्रयोग गर्ने व्यक्ति वा ज्येष्ठ नागरिकलाई आफ्नो साथमा राख्ने परिवारको सदस्यले आफ्नो आर्थिक हैसियत तथा इज्जत आमद अनुसार ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाहको व्यवस्था गर्नुपर्छ ।

(३) परिवारको सदस्यसँग नबसी अलग बसेको कुनै ज्येष्ठ नागरिकको सम्पत्ति वा आयश्रोत नभएमा वा सम्पत्ति वा आयश्रोत भएतापनि त्यस्तो सम्पत्ति वा आयश्रोतबाट निजको जीवन यापन गर्न नपुग भएमा परिवारको नजिकका सदस्यहरूले आफ्नो आर्थिक हैसियत तथा इज्जत आमद अनुसार त्यस्तो ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाह गर्ने व्यवस्था गर्नुपर्छ ।

(४) ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाह गर्ने कर्तव्य भएको व्यक्तिले ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाहको व्यवस्था नगरेमा त्यस्तो ज्येष्ठ नागरिकले तोकिएको अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

नेपाल कानून आयोग

(५) उपदफा (४) बमोजिम उजुरी पर्न आएमा तोकिएको अधिकारीले त्यस्तो ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाहको लागि सम्बन्धित व्यक्तिलाई आवश्यक आदेश दिन वा त्यस्तो ज्येष्ठ नागरिकको पालन पोषण गर्ने कर्तव्य भएको व्यक्तिबाट उक्त ज्येष्ठ नागरिकको पालन पोषणको लागि उपयुक्त खर्च भराई दिने गरी आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको आदेश कार्यान्वयन भए नभएको सम्बन्धमा तोकिएको अधिकारीले समय समयमा अनुगमन गरी त्यसको अभिलेख तयार गरी राख्नु पर्नेछ ।

४. **ज्येष्ठ नागरिकलाई आफ्नो साथमा राख्नु पर्ने**: ज्येष्ठ नागरिकले स्वेच्छाले आफ्नो अंश लिई वा नलिई परिवारबाट अलग रहन बस्न चाहेको अवस्थामा बाहेक परिवारको नजिकको सदस्यले निजलाई आफ्नो साथमा राख्नु पर्नेछ । ज्येष्ठ नागरिकले परिवारको कुनै सदस्यसँग बस्ने इच्छा व्यक्त गरेमा निजलाई त्यस्तो सदस्यले साथै राख्नु पर्नेछ । ज्येष्ठ नागरिकलाई  अलग राख्न वा अलग बस्न बाध्य गराउनु हुँदैन । ज्येष्ठ नागरिकलाई साथमा राख्ने परिवारको नजिकको सदस्यको आर्थिक हैसियत वा आयस्रोत कमजोर भएमा परिवारको नजिकका अन्य सदस्यले आफ्नो आर्थिक हैसियत तथा इज्जत आमद अनुसार त्यस्तो ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाहको व्यवस्था गर्नुपर्छ ।

५. **आफूखुश गर्न पाउने**: ज्येष्ठ नागरिकलाई आफ्नो अंश हक र स्वआर्जनको सम्पत्ति आफूखुश गर्ने हक हुनेछ ।

६. **सेवा प्राप्त गर्न सकिने**: कुनै पेशा, व्यवसाय वा सेवाबाट अवकाश पाएको वा कुनै क्षेत्रमा विशेष योग्यता वा अनुभव हासिल गरेको ज्येष्ठ नागरिकबाट श्री ५ को सरकार वा प्रचलित कानुनबमोजिम स्थापित संस्थाले सेवा प्राप्त गर्न सक्नेछ र यसरी सेवा प्राप्त गरेबापत निजलाई उचित पारिश्रमिक तथा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

७. **सम्मान गर्न सक्ने**: ज्येष्ठ नागरिकहरूमध्ये उत्कृष्ट सेवा प्रदान गर्ने ज्येष्ठ नागरिकलाई निजले गरेको सेवाको कदर स्वरूप सम्मान वा पुरस्कार प्रदान गर्न सकिनेछ ।

८. **भिक्षा माग्न लगाउन नहुने**: (१) कसैले पनि ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन हुँदैन ।

(२) ज्येष्ठ नागरिकलाई निजको ईच्छा विपरीत सन्यासी, भिक्षु वा फकीर बनाउनु हुँदैन ।

नेपाल कानून आयोग

(३) यो ऐन प्रारम्भ हुनु अघि आफ्नो इच्छा विपरीत सन्यासी, भिक्षु वा फकीर बनाइएको ज्येष्ठ नागरिकले चाहेमा त्यस्तो भेष त्यागेर पारिवारिक जीवन अपनाउन सक्नेछ ।

९. **छुट र सुविधाः** (१) सार्वजनिक सवारी साधन र धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) श्री ५ को सरकारले तोकेको सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिक यात्रुका लागि कम्तीमा दुईवटा सुविधायुक्त सीट सुरक्षित राख्नुका साथै यात्रु भाडा दरमा कम्तीमा तेत्तिस प्रतिशत छुट दिनु पर्नेछ ।

(३) कुनै पनि स्वास्थ्य संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ । श्री ५ को सरकारले तोकेको स्वास्थ्य संस्थाले उपचार गर्न आउने ज्येष्ठ नागरिकलाई श्री ५ को सरकारले तोकेको संख्यामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा तेत्तिस प्रतिशत छुट दिनु पर्नेछ ।

(४) खानेपानी, बिजुली, टेलिफोन लगायत सार्वजनिक सेवा प्रदान गर्ने संस्थाको सेवा प्राप्त गर्ने कार्यमा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(५) यस दफामा उल्लिखित छुट र सुविधाको अतिरिक्त श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी ज्येष्ठ नागरिकलाई समय समयमा अन्य छुट र सुविधा दिन सक्नेछ ।

१०. **कानुन व्यवसायीको प्रतिनिधित्व अनिवार्य हुनेः** (१) कुनै ज्येष्ठ नागरिक विरुद्ध लगाइएको कुनै अभियोगमा निजको प्रतिरक्षा गर्ने कानुन व्यवसायीको प्रतिनिधित्व भएको अवस्थामा मात्र अदालतले मुद्दाको कारबाही र किनारा गर्नेछ ।

(२) ज्येष्ठ नागरिक आफैंले कानुन व्यवसायी नियुक्त गर्न नसकेको अवस्थामा सम्बन्धित अदालतले निजलाई वैतनिक कानुन व्यवसायी वा अन्य कुनै इच्छुक कानुन व्यवसायीको सेवा उपलब्ध गराई दिनुपर्नेछ ।

११. **मुद्दा वा काम कारबाहीमा प्राथमिकताः** ज्येष्ठ नागरिक समावेश भएको मुद्दा वा निजसँग सम्बन्धित अन्य काममा सम्बन्धित निकायले प्राथमिकताका साथ कारबाही र किनारा गर्नु पर्नेछ ।

१२. **कैद सजायमा छुट दिन सकिने**: (१) प्रचलित कानुनबमोजिम कैदको सजाय हुने अपराधमा सजाय दिने अधिकारीले कसुरको गाम्भिर्यता हेरी सत्तरी वर्ष उमेर पूरा गरेको र पचहत्तर वर्षसम्मको ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म र पचहत्तर वर्षभन्दा माथिको ज्येष्ठ नागरिक वा अशक्त ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म सजाय छूट दिन सक्नेछ ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सजायको आदेश दिने अधिकारीले कसुरको गाम्भिर्यता हेरी कैद सजाय पाएको अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिकलाई कारागारमा नराखी हेरचाह केन्द्र तथा प्यारोल पद्धतिमा राख्ने गरी आदेश दिन सक्नेछ ।

१३. **केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको गठन**: (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहाय बमोजिमको एक केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति गठन गर्नेछ ।

(क) महिला, बालबालिका तथा समाज कल्याण मन्त्री / राज्यमन्त्री – अध्यक्ष

(ख) राष्ट्रिय योजना आयोगको सदस्य – सदस्य

(ग) समाज कल्याण परिषद्को उपाध्यक्ष – सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय – सदस्य

(ङ) सचिव, गृह मन्त्रालय – सदस्य

(च) सचिव महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय – सदस्य

(छ) सचिव, स्वास्थ्य मन्त्रालय – सदस्य

(ज) नेपाल चिकित्सक संघको अध्यक्ष – सदस्य

(झ) ज्येष्ठ नागरिकसँग सम्बद्ध संस्थाहरू मध्येबाट श्री ५ को सरकारले तोकेको संस्थाको प्रतिनिधि एकजना – सदस्य

नेपाल कानून आयोग

(ञ) धार्मिक तथा सामाजिक कार्यमा संलग्न व्यक्तिहरूमध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको एकजना – सदस्य

(ट) सहसचिव, (सम्बन्धित शाखा हेर्ने) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय – सदस्य–सचिव

(२) उपदफा (१) को खण्ड (ञ) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ ।

तर खराब आचरण तथा कार्य क्षमताको अभावमा श्री ५ को सरकारले मनोनीत सदस्यलाई निजको पदावधि पूरा हुनु अगावै पदबाट हटाउन सक्नेछ ।

(३) केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(४) केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिका सदस्यले तोकिए बमोजिमको भत्ता तथा अन्य सुविधा पाउन सक्नेछन् ।

१४. **केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको काम, कर्तव्य र अधिकारः** केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिबाट प्राप्त हुन आएको ज्येष्ठ नागरिकको लगत तथा अभिलेख अद्यावधिक राख्ने,

(ख) खण्ड (क) बमोजिम प्राप्त लगतको आधारमा ज्येष्ठ नागरिकको हक हितको संरक्षण गर्ने सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गरी श्री ५ को सरकार समक्ष पेश गर्ने,

(ग) खण्ड (ख) बमोजिम श्री ५ को सरकारमा पेश गरिएको नीति, योजना तथा कार्यक्रम स्वीकृत भएपछि त्यस्तो नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन र अनुगमन गर्ने,

(घ) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिहरूको काम कारवाईमा समन्वय तथा अनुगमन गर्ने,

नेपाल कानून आयोग

(ङ) नेपाल अधिराज्यभर स्थापना तथा सञ्चालनमा रहेका ज्येष्ठ नागरिक हेरचाह केन्द्रको काम कारवाईको अनुगमन गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

१५. **<u>जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको गठन</u>**: (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

(२) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिमा तोकिए बमोजिमका अध्यक्ष तथा सदस्य रहने छन् ।

(३) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिका सदस्यले तोकिए बमोजिमको भत्ता तथा अन्य सुविधा पाउन सक्नेछन् ।

१६. **<u>जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको काम, कर्तव्य र अधिकार</u>**: जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) तोकिए बमोजिमको ढाँचामा आफ्नो जिल्लाभरका ज्येष्ठ नागरिकको लगत तथा अभिलेख अद्यावधिक गरी राख्ने,

(ख) खण्ड (क) बमोजिम राखिएका लगत तथा अभिलेखको आधारमा ज्येष्ठ नागरिकको हक हितको संरक्षण गर्ने सम्बन्धमा योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति समक्ष पेश गर्ने,

(ग) ज्येष्ठ नागरिकको हक हितको संरक्षण गर्ने सम्बन्धमा श्री ५ को सरकारबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम बमोजिमको जिल्ला स्तरीय कार्यक्रमको कार्यान्वयन तथा अनुगमन गर्ने,

(घ) आफ्नो जिल्लाभित्र स्थापना तथा सञ्चालनमा रहेका ज्येष्ठ नागरिक हेरचाह केन्द्रहरूको काम कारवाईमा समन्वय गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

१७. **<u>ज्येष्ठ नागरिक कल्याण कोष सम्बन्धी व्यवस्था</u>**: (१) ज्येष्ठ नागरिकहरूको सर्वोपरि हितका लागि कार्य संचालन गर्न केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति अन्तर्गत एक ज्येष्ठ नागरिक राष्ट्रिय कल्याण कोष स्थापना गरिनेछ र त्यस्तो कोषमा देहाय बमोजिमका रकमहरू रहने छन् :–

नेपाल कानून आयोग

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अर्न्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) विदेशी सरकार, संघ संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संस्थाबाट रकम प्राप्त गर्नु अघि केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिले श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त हुने रकमहरू केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको नाममा रहने गरी नेपाल अधिराज्यको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

१८. **लगत राख्नुपर्नेः** (१) प्रत्येक जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिले स्थानीय निकायसँग समन्वय गरी आफ्नो जिल्लाभित्र रहेका ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक र अशक्त ज्येष्ठ नागरिकहरूको लगत राख्नु पर्नेछ र त्यस्तो लगत समय समयमा अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगत राख्दा त्यस्ता ज्येष्ठ नागरिकको नाम, उमेर, पेशा, अनुभव, स्वास्थ्य स्थिति, शैक्षिक स्तर, आर्थिक अवस्था परिवारको सदस्यहरूको विवरण लगायत अन्य आवश्यक विवरणहरू समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लगत राख्नको लागि गाउँ विकास समिति वा नगरपालिकाले प्रत्येक वर्ष जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति गठन भएकोमा सो समितिमा र त्यस्तो समिति गठन नभएको अवस्थामा श्री ५ को सरकारले तोकेको निकायलाई उपलब्ध गराउनु पर्नेछ । त्यसरी प्राप्त लगतहरू जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति वा त्यस्तो निकायले केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति र श्री ५ को सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा पठाउनु पर्नेछ ।

१९. **ज्येष्ठ नागरिक हेरचाह केन्द्रको स्थापना र संचालनः** (१) श्री ५ को सरकार वा कुनै व्यक्ति वा संस्थाले ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाहको लागि नेपाल अधिराज्यको विभिन्न स्थानमा आवश्यकता अनुसार ज्येष्ठ नागरिक हेरचाह केन्द्रको स्थापना र संचालन गर्न सक्नेछ ।

नेपाल कानून आयोग

(२) कुनै व्यक्ति वा संस्थाले हेरचाह केन्द्र स्थापना र संचालन गर्न चाहेमा तोकिएको अधिकारीबाट तोकिएबमोजिम स्वीकृति लिनु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत गैर सरकारी क्षेत्रबाट स्थापना र संचालन भइरहेका ज्येष्ठ नागरिक हेरचाह केन्द्रसँग सम्बन्धित संस्थाहरूको हकमा यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र तोकिए बमोजिम हेरचाह केन्द्र संचालन गर्ने स्वीकृति लिनुपर्नेछ ।

(४) हेरचाह केन्द्रमा जीवन यापनको लागि आफैंले वा अरू कसैले खर्च बेहोर्ने गरी राखिने ज्येष्ठ नागरिक, अशक्त ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक तथा कैदको सजाय पाई हेरचाह केन्द्रमा राख्ने गरी सजायको आदेश दिने अधिकारीबाट आदेश भएका ज्येष्ठ नागरिकलाई राखिनेछ ।

(५) परिवारको सदस्य वा हकवाला नभई आफ्नो सम्पत्ति वा आयश्रोतमा हेरचाह केन्द्रमा बसोबास गर्न आएको ज्येष्ठ नागरिकको सम्पत्तिको रेखदेख र संरक्षण सम्बन्धित हेरचाह केन्द्रले गर्नु पर्नेछ ।

(६) हेरचाह केन्द्रको स्थापना र संचालन सम्बन्धी  अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **<u>अन्त्येष्टी</u>:** (१) हेरचाह केन्द्रमा बसेको अवस्थामा मृत्यु भएको असहाय ज्येष्ठ नागरिकको अन्त्येष्टीको व्यवस्था सम्बन्धित हेरचाह केन्द्रले गर्नुपर्नेछ ।

(२) परिवारको कुनै सदस्य वा हकवाला नभई आफ्नो सम्पत्ति वा आयश्रोतबाट हेरचाह केन्द्रलाई लाग्ने शुल्क बुझाई हेरचाह केन्द्रमा बसेको ज्येष्ठ नागरिकको मृत्यु भएमा निजले कुनै लिखत गरी दिएको भए सोही लिखत बमोजिम र त्यस्तो लिखत नभएमा मृतकको धार्मिक परम्परा अनुसार सम्बन्धित हेरचाह केन्द्रले अन्त्येष्टीको व्यवस्था गरिदिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अन्त्येष्टी सम्पन्न भएपछि त्यस्तो मृतकको कुनै सम्पत्ति बाँकी भएमा सो सम्पत्ति सम्बन्धित हेरचाह केन्द्रको हुनेछ ।

(४) परिवारको सदस्य वा हकवाला भएतापनि उनीहरूसँग बस्न नचाही हेरचाह केन्द्रमा बसेको ज्येष्ठ नागरिकको मृत्यु भएमा त्यस्तो हेरचाह केन्द्रले मृतकको परिवारको सदस्य वा हकवाला वा त्यस्तो सदस्य वा हकवालाले तोकिदिएको व्यक्ति वा मृतकले मृत्यु हुनु अघि इच्छाएको व्यक्तिलाई तुरुन्त सूचना दिनु पर्नेछ ।

नेपाल कानून आयोग

(५) उपदफा (४) बमोजिमको सूचना दिई सम्बन्धित हेरचाह केन्द्रले त्यस्तो ज्येष्ठ नागरिकको तोकिए बमोजिम अन्त्येष्टी गर्नेछ ।

(६) नगरपालिका वा गाउँ विकास समिति अन्तर्गत कुनै ठाउँमा बेवारिस ज्येष्ठ नागरिकको शव फेला परेमा सम्बन्धित नगरपालिका वा गाउँ विकास समितिले मृतकको अन्त्येष्टीको व्यवस्था मिलाउनु पर्नेछ ।

२१. **चल अचल सम्पति सम्बन्धी व्यवस्था:** (१) हेरचाह केन्द्रमा बसेको ज्येष्ठ नागरिकको मृत्यु भएमा निजले आफ्नो हकको चल अचल सम्पति कसैलाई लिखत गरी दिएको रहेछ भने सोही बमोजिम र लिखत नभएकोमा त्यस्तो सम्पत्ति निजलाई पालन पोषण गर्ने हेरचाह केन्द्रको हुनेछ ।

(२) उपदफा (१) वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाह गर्ने कर्तव्य भएको व्यक्तिले आफ्नो कर्तव्य पालन गरेको देखिन नआएमा निजले त्यस्तो ज्येष्ठ नागरिकको सम्पत्ति पाउने छैन ।

२२. **भत्ता वा सुविधा उपलब्ध गराउने:** श्री ५ को सरकारले असहाय ज्येष्ठ नागरिकलाई तोकिए बमोजिम भत्ता वा सुविधा उपलब्ध गराउनेछ ।

२३. **परिचयपत्र उपलब्ध गराइने:** ज्येष्ठ नागरिकलाई परिचय पत्र उपलब्ध गराइनेछ र त्यसरी उपलब्ध गराइने परिचयपत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **कसुर तथा दण्ड सजाय:** (१) देहायको कार्य गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछः-

(क) दफा ३ को उपदफा (५) बमोजिमको अधिकारीले दिएको आदेश पालन नगरेमा,

(ख) दफा ८ को उपदफा (१) विपरीतको कार्य गरे गराएमा,

(ग) दफा ८ को उपदफा (२) विपरीतको कार्य गरे गराएमा,

(घ) खण्ड (क), (ख) र (ग) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गर्ने व्यक्तिलाई पटकैपिच्छे दश हजार रुपैयाँसम्म जरिवाना गरी सजाय दिने अधिकारीले निजबाट मनासिब माफिकको सम्पत्तिसमेत ज्येष्ठ नागरिकलाई भराई दिनु पर्नेछ ।

नेपाल कानून आयोग

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(४) उपदफा (१) को खण्ड (ग) बमोजिमको कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(५) उपदफा (१) को खण्ड (घ) बमोजिमको कसुर गर्ने व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

२५. **थप सजायः** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिक विरुद्ध कसैले प्रचलित कानुनबमोजिम कुनै कसुर हुने कार्य गरेमा कसुर गर्ने व्यक्तिलाई प्रचलित कानुनमा व्यवस्था भएको सजायमा पच्चीस प्रतिशतसम्म थप सजाय हुन सक्नेछ ।

२६. **मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकारः** दफा २४ को उपदफा (१) को खण्ड (क) र (घ) बमोजिमको मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकार तोकिए बमोजिमको अधिकारीलाई हुनेछ र खण्ड (ख) र (ग) बमोजिमको मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

२७. **कार्यविधिः** यस ऐन बमोजिमको मुद्दाको शुरु कारवाई र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

२८. **पुनरावेदनः** दफा २६ बमोजिम मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकारीले दिएको आदेश वा फैसला उपर चित्त नबुझ्ने व्यक्तिले निर्णय सुनिपाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२९. **श्री ५ को सरकार वादी हुनेः** दफा २४ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको कसुर सम्बन्धी मुद्दा श्री ५ को सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

३०. **निर्देशन दिन सक्नेः** (१) श्री ५ को सरकारले केन्द्रीय तथा जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिलाई र केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिले जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिलाई समय-समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित ज्येष्ठ नागरिक कल्याण समितिको कर्तव्य हुनेछ ।

नेपाल कानून आयोग

३१. **प्रतिवेदन पेश गर्नुगर्नेः** आफूले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिले आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिसमक्ष र केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ ।

३२. **यो ऐन बमोजिम हुनेः** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ र अरूमा प्रचलित कानुनबमोजिम हुनेछ ।

३३. **नियम तथा विनियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही ज्येष्ठ नागरिक हेरचाह केन्द्र संचालन गर्ने संस्थाले आवश्यक विनियम बनाउन सक्नेछ । त्यस्तो विनियम तोकिएको अधिकारीबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ ।

नेपाल कानुन आयोग

# अनुसूची

**( दफा २ को खण्ड (छ) सँग सम्बन्धित )**

**परिवारको नजिकको सदस्य**

१. पति/पत्नी

२. छोरा/विधुवा बुहारी/अविवाहिता छोरी/छोरातर्फको नाति

३. विवाहिता छोरी

४. छोरातर्फको अविवाहिता नातिनी

५. विवाहिता छोरीतर्फको नाति/अविवाहिता नातिनी

६. श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको परिवारको अन्य सदस्य

नेपाल कानून आयोग